सिरानचोक गाउँपालिका

# गाउँकार्यपालिकाको कार्यालय

छोप्राक, गोरखा

## नदिजन्य पदार्थ (ढुङ्गा, गिटी, बालुवा) उत्खनन्, संकलन तथा बिक्री सम्बन्धी बोलपत्र आव्हान सम्बन्धी सूचना

**प्रथम पटक प्रकाशित मिति २०७७/१२/१७**

सिरानचोक गाउँपालिका गाउँ कार्यपालिकाको निर्णयवमोजिम आ.व.२०७७/०७८ को लागि यस कार्यालयले निर्धारण गरेको दररेटको आधारमा वार्षिक न्यूनतम रकमबाट बढावढ हुने गरी सिरानचोक गाउँपालिका क्षेत्र अन्तर्गत पर्ने देहायका स्थानहरुमा ठेक्का वन्दोवस्त गर्नुपर्ने भएकोले नेपाल सरकारबाट ईजाजत प्राप्त ईच्छुक नेपाली फर्म, संस्था वा कम्पनीहरुका लागि निम्न शर्तहरुको अधिनमा रही रितपुर्वकको बोलपत्र आव्हान गरिएको छ ।

**तपसिल**

| ठेक्का नं. | ठेक्का विवरण | अधिकतम परिमाण (घन मि.) | न्युनतम अंक (मु.अ.क.बाहेक) | वोलपत्र फाराम दस्तुर | धरौटी रकम | बोलपत्र खरिद गर्ने अवधि |
|---|---|---|---|---|---|---|
| ०७७/०७८-p9 | चनौटे (नेपाल डाँडा तलपट्टि) | ८४.०० | २०७४४.६४ | १०००.०० | कबोल अंकको ५% | १५ दिन |
| ०७७/०७८-p10 | मुसेखोला | २७००.०० | ६६६७९२.०० | १०००.०० | कबोल अंकको ५% | |
| ०७७/०७८-p11 | जरेबर | ७९५६.०० | १९६४८१४.०० | १०००.०० | कबोल अंकको ५% | |
| ०७७/०७८-p12 | अर्कुल | ६००.०० | १४८१७६.०० | १०००.०० | कबोल अंकको ५% | |
| ०७७/०७८-p13 | भुसुण्डे दोभान | १९९६८ | ४९३१२९७.०० | ३०००.०० | कबोल अंकको ५% | ३० दिन |

१. बोलपत्र फाराम सूचना प्रकाशित भएको मितिले तोकिएको दिनसम्म कार्यालय समय भित्र तोकिएको दस्तुर तिरी यस कार्यालयबाट मात्र खरिद गर्न सकिनेछ। खरिद भएको बोलपत्र फाराममा उल्लेख भएका सबै विवरणहरु प्रष्ट संग भरी फर्म, संस्था वा कम्पनीहरुले प्रत्येक पानामा सही छाप गरी बोलपत्र खरदि गर्ने अबधि सकिएको भोलिपल्ट दिनको १२.०० बजे भित्र यस कार्यालयमा मात्र दर्ता गर्नु पर्नेछ । नियमानुसार दर्ता हुन आएका बोलपत्रहरु सोही दिनको दिनको १३.०० बजे यस कार्यालयमा उपस्थित बोलपत्रदाताहरु र कार्यालयका प्रतिनिधिहरुको रोहवरमा खोलिनेछ । बोलपत्रदाताहरु उपस्थिति नभए पनि बोलपत्र खोल्न कुनै बाधा पर्ने छैन ।

२. बोलपत्र खरिद गर्ने, दर्ता गर्ने तथा खोल्ने दिन विदा परेमा सो पछि लगत्तै कार्यालय खुलेको दिन सोही समयमा उल्लेखित कार्यहरु हुनेछन् ।

३. बोलपत्र फाराम खरिद गर्दा निवेदन सहित फर्म, संस्था वा कम्पनीहरुले व्यवसाय दर्ता प्रमाण पत्र र स्थायी लेखानम्वर/मु.अ.करको प्रमाण पत्र तथा आ.व.०७६/०७७ को कर चुक्ताको प्रमाणित प्रतिलिपी पेश गर्नुपर्नेछ ।

४. बोलपत्र फारम भरी पेश गर्दा आफुले कवोल गरेको रकम अंक र अक्षरमा प्रष्टसंग लेखी कवोल अंकको कम्तिमा ५(पाँच) प्रतिशतले हुन आउने धरौटी रकम यस कार्यालयको ग्लोबल आइएमइ बैंक सिरानचोक शाखामा रहेको धरौटी खाता नं. ३०४०१००००१६ मा बोलपत्रदाताको नामबाट जम्मा गरेको सक्कलै भौचर वा सो रकम बराबरको यस कार्यालयको नाममा जारी गरेको नेपाल सरकारबाट मान्यता प्राप्त बाणिज्य बैंकहरुको जमानी पत्र (बीड वण्ड) बोलपत्रसाथ पेश गर्नुपर्नेछ । कवोल गरेको रकम अक्षर र अंकमा फरक पर्न गएमा अक्षरमा लेखिएको रकमलाई मान्यता दिईनेछ ।

५.कुनै शर्त राखी पेश गरेको, सूचनाको शर्त विपरित भएको, कार्यालयबाट उपलब्ध गराईएको बोलपत्र फाराममा कुनै थपघट गरिएको,रित नपुगेको, म्याद नाघी पेश हुन आएको बोलपत्र उपर कुनै कारवाही गरिने छैन, तथा बोलपत्र आंशिक रुपमा वा पुरै स्वीकृत गर्ने वा नगर्ने सम्पूर्ण अधिकार यस कार्यालयमा सुरक्षित रहनेछ ।

६.बोलपत्रको खाम बाहिर कार्यालयको नाम, ठेगाना र बोलपत्र दाताको नाम ठेगाना, सम्पर्क नम्वर स्पष्ट लेख्नुपर्नेछ ।

७.यस सूचनामा उल्लेख नभएका विषयहरु सिरानचोक गाउँपालिका, गाउँ कार्यपालिकाको निर्णय, सार्वजनिक खरिद ऐन, २०६३ (संशोधन सहित), सार्वजनिक खरिद नियमावली, २०६४ (संशोधन सहित) एवं प्रचलित ऐन नियम वमोजिम हुनेछ ।

८. विस्तृत जानकारीका लागि कार्यालय समय भित्र यस कार्यालयमा सम्पर्क गरी जानकारी लिन सकिनेछ ।

**प्रमुख प्रशासकीय अधिकृत**